श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०४३।१२।८ को निर्णयानुसार नेपाल इन्जिनीयरिङ सेवा, सर्भे समूह, रा.प. तृतीय श्रेणी पदसंकेत भू.सु.ना। ०७।२५ नापी विभाग, नापी तालीम केन्द्रका प्रशिक्षक श्री राजेन्द्ररत्न वज्राचार्यलाई निजामती सेवा नियमावली, २०२१ को नियम १०.६ (३),(५) र (८) को कसूरमा सोही नियमावलीको नियम १०.१(५) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी मिति २०४१।६।४ देखि लागू हुने गरी नोकरीबाट हटाइएको छ ।

### सूचना २

श्री ५ को सरकारको मिति २०४४।१२।८ को निर्णयानुसार नेपाल इन्जिनीयरिङ सेवा, सर्भे समूह, रा.प.तृतीय श्रेणी पदसंकेत भू.सु.ना। ०७।८१ नापी विभाग, नापी तालीमका प्रशिक्षक श्री शोभाकान्त देवलाई निजामती सेवा नियमावली,२०२१ को नियम १०.६ (३) र (५) को कसूरमा सोही नियमावलीको नियम १०.१ (५) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी मिति २०४२।१२।१७ देखि नै लागू हुने गरी नोकरीबाट हटाइएको छ ।

आज्ञाले,
माधवलाल तवदार
श्री ५ को सरकारको सचिव

## महालेखा परीक्षकको विभागको सूचना

श्री ५ को सरकारको मिति २०४४।१२।२९ को निर्णय अनुसार यस विभागका राजपत्र अनंकित प्रथम श्रेणीका देहायका लेखापरीक्षण अधिक्षकहरूलाई लेखापरीक्षण सेवा राजपत्रांकित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी पदमा मिति २०४४।१२।२९ देखि बढुवा नियुक्ति गरी यसै विभागमा पदस्थापन गरिएको छ ।

१. श्री श्रीरामदास बैष्णव
२. श्री वासुदेवप्रसाद शर्मा

आज्ञाले,
फत्यबहादुर सिलवाल
निर्देशक



36

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।